# पालिका प्रहरी व्यवस्थापन तथा संचालन सम्बन्धी नियमावली, २०७५

प्रमाणिकरण मितिः- २०७५/०५/२७

नियमावली नं. - ९

प्रस्तावनाः गाउँपालिकाको क्षेत्रभित्र सुशासन नियमन तथा व्यवस्थापन गर्न पालिकाको नीति, नियम मापदण्ड तथा निर्णय कार्यन्वयनलाई सहयोग पुर्याउन, पालिकाको सम्पतिको सुरक्षा र संरक्षण गर्न, न्यायीक समितीले गरेका आदेश निर्णय कार्यन्वयन गर्न सहयोग पुर्याउन पालिका प्रहरीको व्यवस्थापन र परीचालन गर्न वान्छनिय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२६ अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ लाई कार्यान्वयनमा ल्याउन उक्त ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी लिखु गाँउपालिकाको कार्यपालिका बैठकले पारित गरी यो नियमावली बनाई लागु गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यस नियमावलीको नाम "पालिका प्रहरी व्यवस्थापन तथा संचालन सम्बन्धी नियमावली,२०७५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:

(क) 'नियमावली' भन्नाले लिखु गाउँपालिकाको पालिका प्रहरी व्यवस्थापन तथा संचालन नियमावली २०७५ लाई सम्झनु पर्दछ।

(ख) " पालिका प्रहरी " भन्नाले यस नियमावली अन्तर्गत लिखु गाउँपालिकाबाट नियुत्ती भएका पालिका प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

(ग) "पालिका" भन्नाले लिखु गाउँ पालिकालाई सम्झनु पर्दछ।

(घ) "पदपुर्ती समिति" भन्नाले लिखु गाउँपालिकाको पदपुर्ती समितिलाई जनाउद छ।

(ङ) "कार्यकारी अधिकृत" भन्नाले लिखु गाउँपालिकाको प्रशासकीय प्रमुखलाई जनाउदछ।

(च) "कार्यालय" भन्नाले लिखु गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

## परिच्छेद - २

## पालिका प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

३. पालिका प्रहरी सेवाको गठन:

(क) लिखु गाउँपालिकामा एक पालिका प्रहरी सेवा समुह रहनेछ। यसको गठन प्रकृया, प्रहरीको कर्मचारी दरबन्दी यस नियामावलीमा तोकिए बमोजिम हुनेछ।

(ख) लिखु गाउँपालिकामा रहने पालिका प्रहरीको पद र तह

(१) लिखु गाउँपालिकाको नियमावलीमा तोकोएको पद र तह रहनेछ।

(२) लिखु गाउँ कार्यपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ। त्यसको कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य र अधिकार यस नियमावलीमा तोकिय बामोजिम हुनेछ।

## परिच्छेद - ३

## पालिका प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

४. पालिका प्रहरी कर्मचारीको कर्तव्य र अधिकारः- (१) सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण सामाग्री, पसल व्यवसायबाट भएको अबरोध हटाउन लगाउने नमाने आफै हटाइ हटाउन लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

(२) सार्वजानिक जग्गा बाटो, मठ मन्दिर, ढल नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यसतै अन्य निर्माण कार्य गरेको अथवा व्यतिगत रुपले उपभोग गरेको छ छैन निरिक्षण गर्ने, निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी पालिका समक्ष प्रतिवेदन पेश गर्ने । त्यस उपर कार्यपालिकाले भत्काउन आदेश भएमा भत्काउने ।

(३) छाडा पशु पक्राउ गरी लिलाम गर्ने, लिलाम हुन नसकेमा व्यवस्थापन गर्ने, गराउने ।

(४) पालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सा पास भए नक्सा पासको प्रमाणपत्र सहित प्रतिवेदन पालिका प्रमुख समक्ष पेश गर्ने। मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्रि वितरणमा रोक लगाउने । तोकीएको मापदण्ड विपरित सडेगलेका चिज वस्तु बिक्रि गरेको पाएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोराएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ प्रतिवेदन पालिका प्रमुख समक्ष पेश गर्ने ।

(६) रोगि वा कानुनले निषेध गरेका पशु पंक्षी जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने। अटेर गरमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय पेश गर्ने ।

(७) छाडा कुकुर नियन्त्रण सम्बन्धि कारवाहि गर्ने । मरेका जिवजन्तु समयमै गाड्न लगाउने । संरक्षक नभएका जिवजन्तु मरेमा गाड्न लगाई आवश्यक खर्च अनुमोदनको लागि कार्यपालिकामा पेस गर्ने ।

(८) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिम पुर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेस गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(९) वडा समिती, टोल सुधार समिती तथा सामुदायीक प्रहरीको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विक्रिति हटाउने कार्य गर्ने, गराउने ।

(१०) कार्यपालिका अन्तर्गत गठन भएका समिती, उपसमिती, बिभाग तथा आयोजनाबाट लागु हुने नीति, निर्णय, नियम र कानुन कार्यन्वयन गर्ने ।

(११) पालिका को सुव्यवस्था कायम गर्ने, पालिकाको चल अचल सम्पती, भवन, जग्गा, पार्क,मेसिन, उपकरण आदीको सुरक्षा गर्ने ।

(१२) ईजाजत विना पेसा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता \ नविकरण गर्न लगाउने ।

(१३) पालिका क्षेत्रमा भिते लेखन, पोल व्यानर, क्रस व्यानर र बिज्ञापन नीतिले निषेध गरेको बिज्ञापन प्रचार प्रसार सामाग्रि तथा पोस्टर टास्ने कार्यमा पुर्णतया प्रतिबन्ध लगाउने, अटेर गर्नेलाई जरिवाना गर्न पेश गर्ने ।

(१४) बिना ईजाजत व्यानर, होडिङ बोर्ड लगायतका अन्य बिज्ञापनका सामाग्रि राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्न सुझाव पेश गर्ने ।

(१५) नाप तौलका सामाग्रिको चेक जाच गर्ने, पसल व्यवसायमा मुल्य सुचि राख्न लगाउने ।

(१६) होटेल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिको निरिक्षण गर्ने, मापदण्ड अनुरुप नचलेको पाइएमा कार्वाहिको लागि पेश गर्ने ।

(१७) पालिकाको क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस, जुवा तास लगायतका विक्रति जन्य कृयाकलापमा रोक लगाउने ।

(१८) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो तथा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(१९) पालिका भित्र ध्वनि, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजानिक रुपमा बाधा पुग्ने गरी उधोग सञ्चालन गरेमा रोक लगाउन कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने।

(२०) विपद, माहामारी भएमा उध्दार तथा राहातका लागि तुरुन्त खटिजाने।

(२१) न्यायीक समितीले गरेका मिलापत्र, आदेश तथा निर्णयको कार्यान्वयन गर्न सहयोग पुर्याउने।

(२२) सार्वजनिक ऐलानि र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पुर्वाधारको संरक्षण गर्ने।

(२१) गाउँ कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने।

## परिच्छेद - ४

## तह विभाजन र पदपुर्ती

५. स्थायी पद सिर्जना तथा दरबन्दी खारेजः-

(१) लिखु गाउँपालिका पालिका प्रहरी कर्मचारीको दरबन्दी सिर्जना तथा खारेजि गाउँ सभाले निर्णय गरे वमोजिम हुनेछ।

(२) दरवन्दी सिर्जना तथा खारेजिका लागी प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यवोज, सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठानात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ।

६. लिखु गाँउपालिकाको पालिका प्रहरीको शुरु नियुत्ती हुने पदहरुः-

लिखु गाँउपालिकाको पालिका प्रहरीको देहायका पदहरु खुला प्रतियोगिता द्वारा पुर्ती गरी नियुत्ती हुनेछ र अरु पदहरुमा बडुवा द्वारा पुर्ती गरिनेछ।

(१) प्रहरी निरिक्षक

(२) प्रहरी सहायक निरिक्षक

(३) प्रहरी जवान

(४) प्रहरी सहयोगी

७. नियुत्ति गर्ने अधिकारीः- पदपुर्ती समितीको शिफारिसमा गाउँकार्यपालिकाले पालिका प्रहरी नियुत्ती गर्नेछ।

८. पदपुर्ती गर्ने तरिकाः- (१) पालिका प्रहरी निरिक्षक पदमा ६०% र पालिका प्रहरी सहायक निरिक्षक पदमा ४०% खुला प्रतियोगिता र बाकि बढुवा द्वारा पदपुर्ति गरिनेछ।

(२)पालिका प्रहरी जवान पद र सहयोगी पदमा सत्प्रतिशत खुला प्रतियोगिता द्वारा पदपुर्ति गरिनेछ।

(३) नियम ८ उपनियम (१) र (२) वमोजिम खुला प्रतियोगिता द्वारा पदपुर्ति गर्दा पालिका प्रहरीलाई समावेशी बनाउन खुला प्रतियोगिताबाट पदपुर्ति हुने मध्ये ४५% पद छुट्टाई सो प्रतिशतलाई सतप्रतिशत मानि देहाए वमोजिमका उमेद्वारका बिचमा छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपुर्ति गरिनेछ।

| | |
|---|---|
| १. महिला | २०% |
| २. आदिवासि जनजाति | ३२% |
| ३. दलित | १५% |
| ४. पिछडिएको क्षेत्र \|जाती | ५% |
| ५. अन्य | २८% |

स्पस्टिकरणः

१. यस ऐनको प्रयोजनका लागि पिछडिएका क्षेत्रहरु भन्नाले आर्थिक रुपले कमजोर, लोपउन्मुख जाति, पहाडी भेगमा बसोबास गर्ने जाति, जनाजाति आदिवासी।

२. दलित भन्नाले आर्थिक तथा सामाजिक रुपमा पछि परेका दलित समुदायलाई सम्झनु पर्दछ।

३. नियम ८ को उपनियम ३ वमोजिम पदपुर्तिको प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासि जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले राजपत्रमा सुचना प्रकाशित गरी तोकिए बमोजिम हुनेछ।

४. नियम ८ को उपनियम ३ वमोजिम छुट्टाएको पदको लागि देहाए बमोजिमको दरखास्त पेश गर्दा देहाए बमोजिमको प्रमाण पत्र पेश गर्नुपर्नेछ।

१. आदिबासि जनजातिको सुचिमा स्पस्ट खुलेको जाति बाहेक अन्यको हकमा आदिबासि जनजातिका लागि नेपाल आदिबासि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिबासि जनजाति भनि प्रमाणित भएको

२. दलितका लागि राष्ट्रिय दलित आयोग बाट दलित भनि प्रमाणित भएको वा वडा कार्यालयबाट दलित प्रमाणित भएको।

३. नियम ८ को उपनियम ३ वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा घातांक (fraction) कम आएमा त्यसतो घाताङक जुन समुदायको हकमा आएको हो सो भन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ।

४. नियम ८ को उपनियम ३ वमोजिम छुट्टाएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उमेद्वार उत्तिर्ण हुन नसकि आवश्यक संख्या पदपुर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उमेद्वारबाटपदपुर्ति गरिन्छ।

९. खुला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः-

(क) पालिका प्रहरी निरिक्षक पदका लागि हुने खुला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्।

१. दरखास्त आव्हान भएको सालको वैशाख १ गते २१ बर्ष उमेर पुगेको र २४ बर्ष ननाघेको तर खुला प्रतियोगितामा भाग लिने बहालवाल प्रहरीको हकमा ३५ बर्ष ननाघेको।

२. स्वकृत विश्व विधालयबाट घटिमा स्नातक वा सोसरह उत्तिर्ण गरेको।

३. नैतिक पतन देखिने कुनै फैजदारी अभियोगमा सजाय नपाएको।

४. कुनै राजनितिक पार्टिमा सदस्य नरहेको।

५. मानव अधिकार र मानविय कानुनको उल्लंघनमा सजाय नपाएको।

६. महिलाको लागि घटिमा ५ फिट र पुरुषको लागि घटिमा ५ फिट २ ईन्च उचाई भएको।

७. छाति नफुलाउदा घटिमा ३१ ईन्च र फुलाउदा ३३ ईन्च भएको।

८. आँखा माइनस २ वा पल्स २ भन्दा बढि कमजोर नभएको।

९. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको।

१०. नेपालि नागरिकताको प्रमाण पत्र पाएको।

(ख) पालिका प्रहरी सहायक निरिक्षक पदका लागि हुने खुला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्।

१. दरखास्त आव्हान भएको सालको वैशाख १ गते १८ बर्ष उमेर पुगेको र २४ बर्ष ननाघेको तर खुला प्रतियोगितामा भाग लिने बहालवाल प्रहरीको हकमा ३५ बर्ष ननाघेको।

२. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र वा सो सरह उत्तिर्ण गरेको।

३. अन्य दफा ९ को (क) मा तोकिए बमोजिम हुनेछ।

(ग) पालिका प्रहरी जवान पदका लागि हुने खुला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्।

१. दरखास्त आव्हान भएको सालको वैशाख १ गते १८ बर्ष उमेर पुगेको र २४ बर्ष ननाघेको तर खुला प्रतियोगितामा भाग लिने बहालवाल प्रहरीको हकमा ३५ बर्ष ननाघेको।

२. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तिर्ण गरेको।

३. अन्य दफा ९ को (क) मा तोकिए बमोजिम हुनेछ।

घ. पालिका प्रहरी सहयोगी पदका लागि हुने खुला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्।

१. दरखास्त आव्हान भएको सालको वैशाख १ गते १८ बर्ष उमेर पुगेको र २४ बर्ष ननाघेको तर खुला प्रतियोगितामा भाग लिने बहालवाल प्रहरीको हकमा ३५ बर्ष ननाघेको।

२. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उत्तिर्ण गरेको।

३. अन्य दफा ९ को (क) मा तिकोए बमोजिम हुनेछ।

१०. पदपुर्ति समितीः- लिखु गाँउपालिका स्थानीय सेवा ऐन २०७५ को पारिच्छेद ३ दफा ८ वमोजिमको पद पुर्ति समिति नै पालिका प्रहरीको पद पुर्ति समिति हुनेछ। पालिका प्रहरीको नयाँ पदपुर्तिको लागि छनोट प्रकृयामा स्थानीय प्रहरी कार्यलयका प्रमुखलाई विज्ञका रुपमा आमन्त्रित गरिनेछ।

११. (१) पद पुर्ती समितिको काम, कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ।

क. खुल्ला प्रतियोगिताद्वारा पुर्ती हुने पदका पाठ्यक्रम निर्धारण गर्ने।

ख. पद पुर्ती कार्यतालिका बनाउने

ग. परीक्षाका किसिम तोक्ने।

घ. पद  पुर्तीका लागि विज्ञापन प्रकाशन गर्ने।

ङ. परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने।

च. नियुक्तिका लागि सिफारिस गर्ने।

(२) पद पुर्ती समितिले पालिका प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्वारा पद पुर्ती गर्ने सम्बन्धमा निम्न अनुसार पाठ्यक्रम छनौट गरी परीक्षा सञ्चालन गर्नु पर्नेछ।

क. पालिका प्रहरी निरिक्षक

| विषय | पुर्णाङ्क | उत्तिर्णाङ्क |
|---|---|---|
| १. नेपाली रचना | १०० | ४० |
| २. अंग्रेजी | १०० | ४० |
| ३. सामान्य ज्ञान र बौद्धिक परीक्षा | १०० | ४० |
| ४. नेपालको संविधान र सेवा सम्बन्धी | १०० | ४० |
| ५. शारिरीक तन्दुरुस्ती | १०० | ४० |

क. पालिका प्रहरी सहायक निरिक्षक

| विषय | पुर्णाङ्क | उत्तिर्णाङ्क |
|---|---|---|
| १. नेपाली रचना/ अंग्रेजी | १०० | ४० |
| २. सामान्य ज्ञान र बौद्धिक परीक्षा | १०० | ४० |
| ३. नेपालको संविधान र सेवा सम्बन्धी | १०० | ४० |
| ४. शारिरीक तन्दुरुस्ती | १०० | ४० |

(३) प्रहरी जवान र सहयोगीको लागि पद पुर्ती समितिले खुल्ला प्रतियोगिताद्वारा पद पुर्ती गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई लागु गर्न सक्नेछ।

१२. (१) पदपुर्ती समितिले पदपुर्तीका लागि विज्ञापन गर्दा राष्ट्रिय स्तरका पत्रिकामा कम्तिमा ३० दिनको म्याद दिई देहाएका विषय समेत खुलाई प्रतियोगिताका लागि विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

क. पदको नाम

ख. आवश्यक संख्या (खुल्ला र समावेशी अलग अलग देखिने गरी)

ग. दरखास्त दिने म्याद र स्थान, दरखास्त दस्तुर

घ. परीक्षा दस्तुर

ङ. आवश्यक न्युनतम शैक्षिक योग्यता

च. पेश गर्नु पर्ने आवश्यक कागजातहरु

छ. सम्पर्क मिति र स्थान

ज. परीक्षाको किसिम

झ. अन्य शर्तहरु भए

(२) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उमेद्वार हुन चाहाने व्यक्तिले एउटा पदमा समावेशी तथा खुल्ला तर्फ दरखास्त दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त पेश गर्ने व्यक्तिले प्रत्येक थप खुल्ला तथा समावेशी समूहका पदका लागि लाग्ने परीक्षा दस्तुरमा थप २०% रकम बुझाउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उमेद्वार हुन चाहाने व्यक्तिले खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पुर्ती हुने पदका लागि निर्धारित दरखास्त फाराम भरी दस्तुर सहित विज्ञापनमा तोकिएका स्थान र समयमा बुझाउनु पर्नेछ ।

(५) पदपुर्ती समितिबाट विज्ञापन प्रकाशित भएपछि दरवन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परीक्षाको नतिजा प्रकाशन हुनुभन्दा अगाडि सो पदपुर्ती समितिले सार्वजनिक रुपमा सूचना प्रकाशित गरी सोही विज्ञापनमा सो संख्या समेत थप गर्न सक्नेछ ।

१३. उमेद्वारको दरखास्त फाराम र प्रवेश पत्रको ढाँचाः- (१) उमेद्वारका दरखास्त फाराम र प्रवेश पत्रका ढाँचा अनुसूची-१, अनुसूची-२ बमोजिम हुनेछ ।

(२) उमेद्वारले कारणबस प्रवेश पत्र हराएको भनी निवेदन पेश गरेमा पदपुर्ती समितिले तोकेको दस्तुर लिई प्रवेश पत्रको प्रतिलिपी उपलब्ध गराई परीक्षामा सामेल हुन अनुमति दिनु पर्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्वारा पदपुर्तीको लागि दरखास्त आह्वान गर्दा लाग्ने शुल्क पदपुर्ती समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. अर्न्तवार्ता समितिको गठनः- (१) पदपुर्ती समितिले एक जना अध्यक्ष र सम्बन्धित विषयका दक्ष वा विशेषज्ञ समेत कम्तिमा तीन जना सदस्य रहेको अर्न्तवार्ता समिति गठन गर्नु पर्नेछ ।

(२) नियम १४ को (१) बमोजिम गठित अर्न्तवार्ता समितिबाट देहाएका विषयमा ४५ पुर्णाङ्कको अर्न्तवार्ता लिनेछ ।

(क) उमेद्वारको मौखिक अभिव्यक्ति

(ख) उमेद्वारको तर्क शक्ति

(ग) विषयगत ज्ञान

१५. अन्तिम नतिजा प्रकाशनः (१) पदपुर्ती समितिले उमेद्वारको छनौट सम्बन्धी सम्पुर्ण प्रक्रिया सम्पन्न भएपछि सबभन्दा बढी अङ्क प्राप्त गर्ने उमेद्वारका योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा उमेद्वार उपलब्ध भएसम्म रिक्त पदका १५% वा घटिमा २ जना योग्यता क्रमानुसार बैकल्पिक उमेद्वारको सूची समेत प्रकाशन गर्नु पर्नेछ ।

१६. नियम १५ को उपनियम (१) र (२) बमोजिम पदपुर्ती समितिबाट सूची प्रकाशन भई सिफारिस भएका पालिका प्रहरीलाई कार्यापालिकाले नियुक्ति दिनु पर्नेछ ।

१७. बैकल्पिक उमेद्वारले एक वर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

१८. परीक्षण कालमा राखिनेः (१) नयाँ नियुक्ति गरिएका पालिका प्रहरी कर्मचारीलाई ६ महिनाको परीक्षण कालमा राखिने छ । सो अवधिमा त्यस्तो पालिका प्रहरी कर्मचरीले सन्तोषजनक काम नगरेमा पालिका प्रहरी प्रमूखको सिफारिसमा प्रमूख प्रशासकीय अधिकृतले थप ६ महिना परीक्षण कालमा राख्न सक्नेछ ।

(२) विनियम (१) बमोजिम थप भएको परीक्षण कालममा रहेको कुनै पालिका प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकास दिने छ ।

१९. नियुक्ति सदरः (१) नियम १८ को उपनियम (१) र (२) बमोजिम परीक्षण कालमा रहेको पालिका प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा, पालिका प्रहरी अधिकृतको आधारभूत तालिममा उर्त्तिण भएमा नेपालको राष्ट्रिय झण्डा छुवाई सपथ ग्रहण गराएर मात्र प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्ति सदर भएमा परीक्षण कालको अवधिलाई नोकरी अवधिमा गणना गरिने छ ।

२०. जेष्ठताक्रम कायम गर्नेः जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अङ्क तथा प्रतियोगिगात्मक परीक्षाबाट प्राप्त गरेको अङ्कको आधारमा कायम गरिने छ । वहालवाला पालिका प्रहरीको हकमा पदपुर्ती समितिले सिफारिस गरेको योग्यता क्रमलाई नै जेष्ठता मानिने छ ।

## परिच्छेद-६

## सरुवा तथा बढुवा

२१. सरुवा तथा बढुवा सम्बन्धी व्यवस्थाः पदपुर्ती समितिको सिफारिसमा लिखु गाँउ कार्यपालिकाले गर्नेछ ।

२२. बढुवाको लागि सम्भाव्य बन्ने अवधिः (१) पालिका प्रहरी हवल्दार देखि पालिका प्रहरी नायक निरिक्षक सम्म एक तह मुनिको पदमा कम्तिमा तीन वर्षको अवधि पुगेको र अधिकृत स्तरका प्रहरी कर्मचारीको हकमा एक तह मुनिको पदमा कम्तिमा पाँच वर्ष सेवा अवधि पुगेको हुनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाएको अवस्थामा कुनै पनि पालिका प्रहरी बढुवाको लागि सम्भाव्य उमेद्वार बन्न सक्ने छैन ।

क. निलम्बन भएको अवधिभर

ख. बढुवा रोक्का गरिएकोमा सो अवधिभर

ग. तल्लो पदमा घटुवा भएकोमा सो भएको व्यक्तिले दुई वर्षसम्म

घ. तलव वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केलमा वा त्यहि टायम स्केलको तल्लो स्केलमा घटुवा भएको मितिले एक वर्ष सम्म

ङ. हालको पदमा तीन पटक सम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले १ वर्षसम्म ।

२३. बढुवा गर्दा कार्यक्षमताको मूल्याङ्कन गर्ने आधारः पालिका प्रहरी कर्मचारीलाई बढुवा गर्दा यस नियमावली बमोजिम कार्यक्षमताको मूल्याङ्कन गरी सबैभन्दा बढि अङ्क प्राप्त गर्ने कर्मचारीलाई पहिले बढुवा गरिनेछ । तर समान अङ्क प्राप्त गर्ने उमेद्वारहरुको हकमा देहायका रोल क्रमले निर्णय गरिनेछ ।

क. एक तह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यता क्रमको आधारमा,

ख. खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यस भन्दा एक तह मुनिको पदमा गरेको नोकरीको आधारमा,

ग. खण्ड (ख) बमोजिम निर्णय हुन सकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताको आधारमा,

घ. पालिका प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहायका कुरालाई आधार मानिनेछ ।

१. नोकरीको जेष्ठता

२. कार्य सम्पदान मूल्याङ्कन

३. शैक्षिक योग्यता

४. तालिम

ङ. जेष्ठताको अङ्क गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले बढिमा ३० अङ्क प्रदान गरिनेछ । त्यसरी अङ्क गणना गर्दा एक वर्ष भन्दा वढि चानचुन महिना वा दिनका लागि दामासाहिका हिसाबले अङ्क दिइने छ ।

च. बढुवाका लागि पालिका प्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने शैक्षिक योग्यता वापतको मात्र अङ्क दिइनेछ ।

छ. शैक्षिक योग्यता वापत बढिमा १५ अङ्क दिइनेछ र त्यस्तो योग्यता वापतको अङ्कको गणना देहाय बमेजिम हुनेछ ।

| शैक्षिक योग्यता | विशिष्ट | प्रथम | द्धितिय | तृतिय | कैफियत |
|---|---|---|---|---|---|
| १. हाल वहाल रहेको पदमा नियुक्ति दिदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा | १५ | १३ | ११ | ९ | |
| २. नियम २३ (छ) १ अनुसारको शैक्षिक योग्यता नभई सो भन्दा एक तह मुनिको योग्यता भएमा | १० | ८ | ६ | ४ | |

तर,

१. श्रेणी नखुलेको शैक्षिक योग्यता वापत द्धितिय श्रेणी मानिनेछ ।

२. कम्पार्टमेन्टल परीक्षा पास गरेको भए तृतिय श्रेणी मानिने छ ।

३. पालिका प्रहरी नायव निरिक्षक पदमा बढुवाको लागि पालिका प्रहरी सहायक निरिक्षक पदको निमित्त आवश्यक पर्ने शैक्षिक योग्यतालाई आधार मानिनेछ ।

## परिच्छेद–७

## पालिकाको प्रशासन र पालिका प्रहरीको सम्बन्ध

२४. पालिका प्रशासनको नियन्त्रणमा रहनेः पालिका प्रहरीको अनुसासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त पालिका प्रहरी पालिकाको प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

२५. पालिका प्रहरी प्रमूख मार्फत लेखापढि हुनेः लिखु गाउँपालिकाले पालिका प्रहरी संगठनसँग लेखापढि गर्दा सामान्यतया पालिका प्रहरी प्रमूख मार्फत गर्नुपर्नेछ ।

२६. कारवाही गर्दा परामर्श लिनेः कुनै पनि पालिका प्रहरी कर्मचारीलाई अनुशासन हिनताको कारवाहि गर्दा आवश्यकता अनुसार पालिका प्रहरी प्रमूखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद-८

## विदा

२७. विदा अधिकारको कुरा होइनः (१) पालिका प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजविजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यक परेमा विदामा बसेको पालिका प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदाका किसिमहरुः पालिका प्रहरी कर्मचारीहरुले देहाय बमोजिमका विदा पाउनेछन् ।

१. भैपरी आउने र पर्व विदा

२. घर विदा

३. विरामी विदा

४. किरिया विदा

५. प्रसुती विदा

६. सट्टा विदा

७. अध्ययन विदा

८. असाधारण विदा

९. अन्तराष्ट्रिय संघ संस्थामा काम गर्न विदा दिन सकिने ।

१०. प्रसुती स्याहार विदा

२८. विदा नलिई घर बस्ने पालिका प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनः (१) यस नियमावली बमोजिम विदा नलिई पालिका प्रहरी कर्मचारी गैर हारिज हुन पाउने छैनन् ।

(२) उपनियम (१) को उल्लघंन गरी गैर हाजिर हुने पालिका प्रहरी कर्मचारीलाई लिखु गाउँपालिकाले सेवाबाट हटाउन सक्नेछ । तर निकास नहुदै विदा वसि पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निर्कोल गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लघंन गरेको मानिने छैन् ।

२९. भैपरी/पर्व विदाः (१) पालिका प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन नबढाई भैपरी/पर्व विदा पाउनेछन् ।

(२) भैपरी/पर्व विदा साधारणतयाः एक पटकमा दुई दिन नबढाई लिन पाउनेछन् ।

(३) भैपरी/पर्व विदा एक सालको अर्को सालमा लिन पाइने छैन् ।

(४) भैपरी/पर्व विदा बसेका पालिका प्रहरी कर्मचारीले पूरा तलब, भत्ता, राशन पाउनेछन् ।

(५) भैपरी/पर्व विदा शनिवार बाहेक अरु विदासँग जोडेर लिन पाइने छैन् ।

३०. घर विदाः (१) पालिका प्रहरी कर्मचारीले प्रत्येक साल ३० दिनका दरले घर विदा पाउने छन् ।

(२) घर विदा वढिमा १८० दिन सम्म संचित राख्न सकिने छ ।

(३) पालिका प्रहरी कर्मचारीलाई वर्षमा एक पटक घर विदा जाँदा र भूक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउदा हिड्नु पर्ने भएमा ७ कोषको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाइजहाजको बाटोको लागि जतिदिन लाग्ने हो त्यति दिन बाटोको म्याद दिन सकिने छ ।

(४) जुनसुकै रुपले सेवाबाट हट्ने पालिका प्रहरी कर्मचारीले निजको वढिमा १८० दिन सम्मको घर विदा वापत निज पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम एकमुस्ट पाउने छ ।

(५) घर विदा बसेको पालिका प्रहरी कर्मचारीले पूरा तलब भत्ता राशन पाउने छ ।

(६) निलम्बनमा रहेको प्रहरी कर्मचारीले सो अवधिभरको घर विदा, राशन भत्ता र पोशाक सुविधा पाउने छैन् ।

३१. विरामी विदाः (१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पताल गई उपचार गराउदा सम्बन्धित चिकित्सकले काम गर्ने नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन बाहेक प्रत्येक पालिका प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब, भत्ता र राशन सहित विरामी विदा पाउने छन् ।

(२) प्रहरी कर्मचारी अशक्त भई संचित विरामी विदाले नपुग भएमा निजलाई बढिमा १२ दिन सम्म पेश्की विदा दिन सकिने छ ।

(३) प्रहरी कर्मचारीले विरामी विदा संचित गर्न सक्नेछन् र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलग भएमा निजले संचित विरामी विदा वापत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाइ आएको मासिक तलबको दरले हुन आउने रकम एकमुस्ट पाउने छन् । तर संचित विदाको रकम लिन नपाउदै प्रहरी कर्मचारीको मृत्यु भएमा निजको इच्छाएको व्यक्तिले एकमुस्ट रुपमा संचित विदा वापतको रकम लिन पाउनेछन् ।

(४) ७ दिन भन्दा वढि अवधिको विरामी विदा माग गर्ने प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नु पर्नेछ । तर यस्तो प्रमाण पत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाण पत्र पेश नगरी विदा दिन सक्नेछ ।

(५) कुनै ठूलो कडा रोग लागि सो कुरा स्वीकृत चिकित्सकले प्रमाणित गरी दिएको प्रमाणपत्र पेश गरेमा प्रहरी कर्मचारीले बढिमा ४५ दिन सम्म थप विरामी विदा पाउन सक्नेछ । यस्तो विरामी विदा लिने प्रहरी कर्मचारीको पाकी सकेको वा पाक्ने घर विदाबाट प्रत्येक दुई दिन थप विरामी विदा वापत एक दिनका दरले घर विदा कट्टा गरिने छ ।

(६) कुनै ठूलो वा कडा रोग लागि उपचार गर्न विरामी विदा र घर विदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाण पत्र पेश गरी पालिका प्रहरी कर्मचारीले पछि पाउने विरामी विदा र घर विदाबाट कट्ट हुने गरी ४५ दिन सम्म थप विरामी विदा पेश्कीको रुपमा लिन सक्नेछन् । त्यसरी पेश्की विरामी विदा लिई बसेको प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउने छन् ।

(७) उपनियम (५) बमोजिम लिएको विदाले नपुग भई थप विदा लिनु परेमा नेपाल सरकार वा स्थानीय सरकारले तोकेको मेडिकल बोर्डको सिफारिसमा प्रहरी कर्मचारीले असाधारण विदा लिन सक्नेछन् ।

(८) उपनियम (५) बमोजिम पेश्की विदा लिने प्रहरी कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको विरामी विदा स्वतः मिनाहा हुनेछ ।

(९) निलम्वनमा रहेको प्रहरी कर्मचारीले सो अवधि भरको विरामी विदा पाउने छैन् ।

३२. किरिया विदाः (१) पालिका प्रहरी कर्मचारी आफै किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढिमा १५ दिन किरिया विदा पाउनेछन् यस्तो विदा महिला प्रहरी कर्मचारीको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला कर्मचारीलाई पनि दिइनेछ ।

(२) यस्तो किरिया विदा बस्ने प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछन् ।

३३. प्रसुती विदाः (१) महिला प्रहरी कर्मचारीले गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसुती विदा पाउने छन् ।

(२) प्रसुती विदा बस्ने महिला कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछन् ।

(३) प्रसुती विदा सेवा अवधिभर २ पटक मात्र दिइनेछ ।

(४) उल्लेख भए अनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अद्यावधिक बनाई राख्नु पर्नेछ ।

३४. प्रसुती स्याहार विदाः (१) प्रसुती स्याहार विदा सेवा अवधिभर दुइ पटक मात्र दिइने छ साथै पालिकाले दिएको सेवा उपभोग गर्न पाउनेछ ।

(२) प्रहरी कर्मचारीले पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी १५ दिन प्रसुती स्याहार विदा लिन सक्नेछन् यो सेवा अवधिमा बढिमा २ पटक सम्म पाउनेछ ।

(३) प्रसुती स्याहार विदामा बस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(४) प्रसुती स्याहार विदा लिने प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अद्यावधिक बनाई राख्नु पर्नेछ ।

(५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाणपत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

३५. अध्ययन विदाः (१) पालिका प्रहरीको सेवालाई र आवश्यक पर्ने विषयमा स्थानीय निकायलाई प्राप्त भएको छात्रवृतिमा स्वीकृत लिई खुला प्रतियोगिता वा अन्तर स्थानीय निकाय प्रतियोगितामा वा स्थानीय निकायबाट मनोनयन भई अध्ययन गर्न जाने पालिका प्रहरी कर्मचारीले अध्ययन अवधिभर अध्ययन विदा पाउन सक्नेछ ।

(२) प्रहरी कर्मचारीले सेवा अवधिभरमा एकै पटक वा पटक पटक गरी ३ वर्षसम्म अध्ययन विदा पाउनेछ । तर कार्यालयले आवश्यक ठानेको अवस्थामा अध्ययन विदाको अवधिमा २ वर्ष सम्म थप गर्न सक्नेछ ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएता पनि अध्ययनको निमित्त मनोनयन भई अध्ययन विदा लिई गएको प्रहरी कर्मचारीलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधी हासिल गर्नको निमित्त अध्ययन विदा थपिनेछैन् र असाधारण विदा दिइनेछैन् ।

(४) अध्ययन विदामा बस्दा प्रहरी कर्मचारीले तलब भत्ता पाउने छैन् ।

(५) सम्बन्धित सेवा समूहलाई आवश्यक पर्ने विषयमा प्रहरीलाई उपनियम (२) बमोजिम अध्ययन विदा दिन सकिने छ । यसरी अध्ययन विदा लिई बसेको प्रहरी कर्मचारीले अध्ययन गरेको सम्बन्धित विद्यालयको भर्ना र परीक्षामा सामेल भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ र अध्ययन विदामा बस्ने प्रहरी कर्मचारीले तलब, भत्ता राशन र पोषाकको सुविधा पाउनेछ ।

(६) ३ वर्ष स्थायी सेवा अवधि नपुगी कुनै पनि प्रहरी कर्मचारीले अध्ययन विदा पाउन सक्नेछैन् ।

(७) कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नको निमित्त अत्यावश्यक भएको तालिम प्राप्त गर्नको लागि लिखु गाँउपालिकाले प्रहरी कर्मचारीलाई मनोनयन गरी पठाउनु परेमा त्यस्तो तालिम अवधिभर निजलाई पूरा तलब, भत्ता र राशन दिइनेछ ।

३६. असाधारण विदाः (१) प्रहरी कर्मचारीले असाधारण विदा लिनु पर्दा विदा लिनु पर्ने कारण सहित निवेदन दिनु पर्नेछ र मनासिव कारण देखेमा पालिकाले एक पटकमा एक वर्ष नबढाई र सेवा अवधिभरमा ३ वर्ष नबढाई असाधारण विदा दिन सक्नेछ ।

(२) असाधारण विदामा बस्ने प्रहरी कर्मचारीले सो अवधिभर तलब, भत्ता र राशन सुविधा पाउनेछैन् ।

(३) ५ वर्ष प्रहरी सेवामा काम नगरेको कर्मचारीले असाधारण विदा पाउनेछैन् ।

(४) पालिका प्रहरी कर्मचारीले लिएको असाधारण विदाको अवधि निजको सेवा अवधिमा गणना गरिनेछैन् ।

३७. अन्तराष्ट्रिय संघ संस्थामा सेवा गर्न विदा दिन सकिनेः कुनै प्रहरी कर्मचारीले विदा लिई अन्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न जान निवेदन दिएमा प्रहरी कर्मचारीको सेवा समूहसँग सम्बन्धित विषयमा निजले पाउन सक्ने असाधारण विदाबाट कट्टा हुने गरी पछि प्रहरी सेवामा फर्की आउने कवुलियत गराई निजलाई त्यस्तो सेवा गर्न जानको लागि अनुमति दिन सक्नेछ ।

३८. विदा माग गर्ने विधिः (१) विदाको निकासाको निमित्त प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि कारण र विदेश जानु पर्ने भए सो समेत खुलाई आफ्नो कार्यालय मार्फत विदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि विदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो प्रहरी कर्मचारीलाई दिनु पर्नेछ ।

(२) देहायको कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले दिएको निवेदनको मिति भन्दा अघिको मितिबाट विदा स्वीकृत गर्न सक्नेछ ।

(क) विदा दिने अधिकारीको पुर्व स्वीकृत दिन सम्भव थिएन भन्ने ।

(ख) पुर्व स्वीकृत प्राप्तीको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने ।

(३) अध्ययन विदाको लागि निवेदन दिदा अरु कुराको अतिरिक्त देहायका कुरामा उल्लेख गर्नु पर्नेछ ।

(क) आफुले अध्ययन गर्न खोजेको विषयको विवरण

(ख) अध्ययन गरिने विश्व विद्यालय, संस्था वा प्रशिक्षण केन्द्रमा प्रवेश गर्ने स्वीकृति भएको कागजात ।

(ग) प्रहरी कर्मचारीलाई त्यस्तो विदाको सम्बन्धमा सहयोग पुऱ्याउन सक्ने अन्य आवश्यक कागजात ।

३९. विदा दिने अधिकारीः देहायका विदा स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ ।

| विदाका किसिम | विदा स्वीकृत गर्ने अधिकारी |
|---|---|
| १. भैपरी आउने र पर्व विदा | प्रहरी कर्मचारी प्रमूख |
| २. घर विदा | प्रशासकीय अधिकृत |
| ३. विरामी विदा | प्रशासकीय अधिकृत |
| ४. किरिया विदा | प्रशासकीय अधिकृत |
| ५. प्रसुती विदा | प्रशासकीय अधिकृत |
| ६. सट्टा विदा | प्रशासकीय अधिकृत |
| ७. अध्ययन विदा | लिखु गाउँ कार्यपालिका |
| ८. असाधारण विदा | लिखु गाउँ कार्यपालिका |
| ९. अन्तराष्ट्रिय संघ संस्थामा काम गर्न विदा दिन सकिने । | लिखु गाउँ कार्यपालिका |
| १०. प्रसुती स्याहार विदा | प्रशासकीय अधिकृत |

यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र प्रशासन तथा कार्यपालिकामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

४०. विदा परिणत नहुनेः यस परिच्छेद बमोजिम प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसुती विदा बाहेक अर्को किसिमको विदामा प्ररिणत गराउन पाइनेछैन् ।

४१. सार्वजनिक विदा गाभिनेः भैपरी आउने र पर्व विदा बाहेक अरु कुनै प्रकारको विदा लिई बसेका प्रहरी कर्मचारीले सो विदा भूक्तान हुदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधिपनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाकि नभएमा लिन पाउने अरु विदामा बसेको मानिनेछ ।

४२. कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः विदा नलिई कार्यायमा अनुपस्थित हुने प्रहरी कर्मचारीलाई गएल जनाई तलब कट्टा गरी विभागिय सजाय समेत गर्न सकिनेछ । यसरी गएल भएको अवधि सेवा अवधिमा गणना हुनेछैन् ।

४३. विदा लिने विधिः (१) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार गरी मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ ।

(२) भैपरी आउने विदाको सम्बन्धमा विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो तजविजबाट मौखिक अनुरोधका आधारमा पनि त्यस्तो विदा स्वीकृत दिन सक्नेछ । तर विदा बसिसकेपछि स्वीकृतको लागि दरखास्त परेमा अस्वीकृत हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने प्रहरी कर्मचारीलाई नोकरीबाट हटाएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

४४. विदाको अभिलेखः विदा दिने अधिकारीले आफ्नो मातहतका सबै प्रहरी कर्मचारीको विदाका अभिलेख खडा गरी लगत राख्ने र प्रशासन तथा कार्यपालिकालाई १५ दिन भित्र अनिवार्य रुपमा लिखित जानकारी गराउनु पर्नेछ ।

४५. निकासा लिन नभ्याएमाः कुनै प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्वीकृत हुने देखिएमा निजले त्यस्तो प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनु पर्नेछ ।

४६. गएल फाइल जनाउनेः कुनै प्रहरी कर्मचारी गएल परी सो कुराको जनाउ कार्यपालिकामा पठाइसकेपछि सम्बन्धित प्रहरी कर्मचारीले विदा स्वीकृत हुनुपर्ने व्यहोरा दर्साई आफु गएल परेको सूचना पाएको मितिले १५ दिन भित्र आफुलाई गएल गर्ने अधिकारी भन्दा एक तह माथिको सम्बन्धित अधिकारी समक्ष निवेदन दिन सक्नेछ । सो निवेदन उपर छानविन र जाँच पड्ताल गर्दा प्रहरी कर्मचारीको निवेदनको व्यहोरा साँचो देखिन आएमा सम्बन्धित अधिकृतले विदा स्वीकृत गरी थमौति गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

४७. झुठो कारण देखाएमा सजाय हुनेः कुनै प्रहरी कर्मचारीले कुनै झुठा कारण देखाई विरामी विदा किरिया विदा र प्रसुती विदा लिई बसेको ठहरिएमा त्यस्तो प्रहरी कर्मचारी विभागिय कारवाहीको भागि हुनेछ ।

४८. तालिम अवधिमा विदा बस्ने बारेः यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदा बाहेक अरु कुनै विदा दिइनेछैन् ।

## परिच्छेद-९

## आचरण

४९. दान उपहार लिन नहुनेः आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि पालिका प्रहरी र निजका परिवारका सदस्य समेतले गाँउ पालिकाको पुर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, वक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन ।

५०. चन्दा लिन नहुनेः कुनै पालिका प्रहरी कर्मचारीले पालिकाको पुर्व स्वीकृत विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्नु अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिनु हुदैन ।

५१. स्वीकृत विना अचल सम्पत्ति खरिद गर्न नहुनेः पालिकालाई पुर्व सूचना नदिई कुनै पनि पालिका प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने बाहेक आफु वा आफ्नो परिवारको कुनै सदस्यको नाम कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन ।लिखु गाउँपालिकाको अनुमति लिएर मात्र खरिद गर्नु पर्नेछ ।

५२. सम्पत्तिको विवरण दिनु पर्नेः (१) पालिका प्रहरीमा नियुक्ति भएका प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र पालिकाले तोकेको कर्मचारी समक्ष देहाएको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ ।

(क) आफ्नो वा परिवारको नाममा भएको प्रत्येक अचल सम्पत्ति, शेयर, वैंक मौज्दातको विवरण ।

(ख) आफुसँग वा आफ्नो नाममा भएको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य। ।

(२) उपनियम (१) बमोजिम विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको पालिका प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमूखको नाममा भएको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ ।

(३) आफ्नो सम्पत्ति थपघट भएमा अधिकार प्राप्त अधिकारीलाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

५३. व्यवसाय गर्न नहुनेः कुनै प्रहरी कर्मचारीले कार्यपालिकाको स्वीकृत वेगर देहायका काम गर्नु हुदैन ।

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार हुन,

(ग) कुनै व्यवसाय चलाउन,

५४. पालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुनेः पालिका प्रहरी कर्मचारीले पालिका अथवा विषेश रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालिना गर्दा स्थानीय निकाय वा गैर सरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र, समाचार, प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनाधिकृत प्रहरी कर्मचारीलाई वा गैर सरकारी व्यक्तिलाई अथवा पत्र पत्रिकालाई जानकारी दिन हुदैन ।

५५. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः प्रहरी कर्मचारीले पालिकाको अनुमति प्राप्त नगरी कुनै पत्र पत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट अथवा वेनामी कुनै लेख प्रकाशन गर्न वा रेडियोद्वारा प्रकाशन गर्न हुदैन तर यस्तो प्रकाशन, प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक, व्यवसायिक अथवा वैज्ञानिक विषयको भएमा यस्तो अवस्थामा स्वीकृत लिइ रहन पर्दैन प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नु पर्दछ ।

५६. पालिकाको आलोचनाः प्रहरी कर्मचारीले कुनै पनि कुराको आलोचना गर्दा पालिकाको नीतिको विरुद्ध असर पर्ने गरी अथवा पालिका र पालिका वासीमा खलल् पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्न हुदैन ।

५७. निर्वाचनमा भाग लिन नहुनेः प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न वाधा पर्ने छैन ।

५८. राजनीतिमा भाग लिन नहुनेः प्रहरी कर्मचारीले कुनै राजनीतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थलाई सहायताको निमित्त चन्दा दिन, कुनै आर्थिक सहयोग गर्न हुदैन ।

५९. समयको पालना र नियमितताः पालिका प्रहरीले आ-आफ्नो पालोमा नियमित हाजिर हुनु पर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुदैन ।

६०. अनुशासन र आज्ञा पालनाः (१) पालिका प्रहरी कर्मचारीले पालिका अनुशासनको कायम गर्नुको साथै आफु भन्दा माथिका कर्मचारीको खटाएको काम प्रति आज्ञापालक हुनु पर्दछ ।

(२) पालिका प्रहरी कर्मचारीले आफुभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आधार देखाउनु पर्दछ ।

६१. पालिका प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफु भन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाव पार्न वा प्रयत्न गर्न हुदैन ।

६२. बहुविवाह, बालविवाह, अनमेल विवाह प्रतिबन्दः पालिका प्रहरी कर्मचारीले मुलुकी देवानी संहिता २०७५ विहावारीको महलको प्रतिकुल हुनेगरी विवाह गर्नु गराउनु हुदैन ???

## परिच्छेद-१०

## सजाय पुनरावेदन

६३. सजायः उचित र प्रर्याप्त कारण भएमा प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ ।

१. नसिहत दिने,

२. शारिरीक थकाई हुने सजाय गर्ने,

३. तलब वृद्धि वा पदोन्नती रोक्ने,

४. तल्लो तहमा घटुवा गर्ने,

५. लापरवाही गरी पालिकालाई नोक्सानी भएमा तलब, भत्ताबाट कट्टी गरी असुल उपर गर्ने,

६. भविष्यमा स्थानीय निकायमा अयोग्य नहुने गरी नोकरीबाट बरखास्त गर्ने,

७. भविष्यमा स्थानीय निकायमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गर्ने,

६४. नसिहत दिने वा प्रतिकुल राय लेख्ने: प्रहरी कर्मचारीलाई काममा लापरवाही गरेमा नसिहत दिन सक्नेछ, दुई पटक सम्म पनि नसिहत दिदा निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखिनेछ ।

६५. तलब वृद्धि वा पदोन्नती रोक्ने: पालिका प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नती रोक्न सक्नेछ ।

६६. दर्जा र तलब घटाउने: कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टायम स्केल वा त्यही टायम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र पालिकालाई हानी नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासन हिनता गरेमा,

(ग) आचरण सम्बन्धी नियम उलघंन गरेमा,

(घ) नियुक्ति भएको पाँच वर्ष भित्रै नोकरीबाट अलग हुने झुठा कारण देखाएमा,

(ङ) दिइएको आदेश, निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा, गैर हाजिरी भएमा,

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा,

६७. नोकरीबाट हटाउने वा बरखास्त गर्ने: देहायको अवस्थामा साजय गर्ने अधिकारीले कुनै पालिका प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बरखास्त गर्न सक्नेछ ।

(क) पदीय दायित्व वा जिम्मेवारी पुरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) बारम्बार अनुशासन हिनताको काम गरेमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषी प्रमाणित भएमा,

(ङ) बर्दिको पोषाक लगाई ड्युटिमा रहे वा नरहेको अवस्थामा माद्यक पदार्थ सेवान गरेमा,

(च) भ्रष्टाचार गरेमा,

(छ) पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,

(ज) मनासिव कारण नभई विदा नलिई विदा बसेमा,

६८. सजाय सम्बन्धी कार्यविधि: (१) पालिका प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ । त्यस्तो सजाय दिदा लगाएका आरोप स्पष्ट रुपले तोकिएको हुनु पर्नेछ । त्यस्तो पालिका प्रहरी कर्मचारीले सजाय अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टिकरण पेश गर्नु पर्नेछ तर भागि पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको पालिका प्रहरी कर्मचारीको सम्बन्धमा यस नियम बमोजिम कार्यविधिको रित पुऱ्याउनु पर्ने छैन् ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइ सकेको आधारमा कुनै प्रहरी कर्मचारीलाई सजाय दिनु पर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागिएको सजायको बारेमा सूचना सम्म दिनु पर्नेछ ।

(ख) सफाई पेश गर्ने मौका दिन मनासिब नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्ने छैन ।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकारीद्वारा जाँचवुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने कर्मचारीले आवश्यकता अनुसार सम्बन्धित कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सवुद प्रमाण पेश गर्नु पर्नेछ ।

(४) कुनै पालिका प्रहरी कर्मचारीमाथि लागेको कुनै अभियोगको जाँचवुझ परेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिना भन्दा बढि हुने छैन ।

(५) उपनियम (४) बमोजिम निलम्वन अवस्थामा रहेको पालिका प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ । तर निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाई तलब पाएको भए सो कट्टा गरी नपाएको भए पुरै पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएको मितिदेखि बाँकी तलब भत्ता पाउने छैन । वा कुनै कर्मचारी कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरुनै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

६९. सजायको आदेश दिनेः जाँचवुझको काम समाप्त भएपछि सम्बन्धित प्रहरी कर्मचारीलाई निजसित स्पष्टिकरण मागिएको भए निजले तोकेको समयभित्र स्पष्टिकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेश एक प्रति निजलाई दिनु पर्नेछ ।

७०. सेवाको अन्त्य गर्नेः कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त्य गर्नुपर्दा यस नियमावली बमोजिम कार्यविधि अपनाउनु पर्ने छैन ।

(क) परीक्षण कालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै,

(ख) स्वीकृत चिकित्सकको बोर्डले शारिरीक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा,

७१. पुनरावेदन कार्याविधिः (१) नियम ७१ अर्न्तगत दिएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनु पर्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले आफ्नो सफाईको निमित्त जो भएको प्रमाण राखी शिष्ट भाषामा लेखिएको पुनरावेदनको साथमा जुन आदेशको विरुद्ध पुनरावदेन गरिएको हो सो आदेशको नक्कल पनि राख्नु पर्नेछ ।

(३) पुनरावेदन दिदा प्रशासकीय प्रमूख मार्फत प्रदेशको आन्तरिक मामिला तथा स्थानीय विकास मन्त्रालयको सचिव समक्ष पेश गर्नुपर्नेछ ।

(४) सजाय पाएको ३५ दिन भित्र पुनरावेदन दिनु पर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

७२. प्रहरी सेवा पुर्नवहाली भएपछि पुरा तलब भत्ता पाउनेः कुनै पालिका प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बरखास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुर्नवहाली भएमा सेवाबाट हटाएको वा बरखास्त गरिएको मितिदेखि पुर्नवहाली भएको मिति सम्मको पुरा तलब, भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धि समेत निजले पाउनेछ ।

## परिच्छेद-११

## अवकाश र उपदान

७३. अनिवार्य अवकाश: (१) यो नियमावली जारी भएपछि नियुक्ति भएका कर्मचारीको देहाय बमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पुरा भएपछि निजलाई सेवाबाट अवकाश दिइने छ ।

| | |
|---|---|
| क. प्रहरी निरिक्षक | ५३ वर्ष |
| ख. प्रहरी नायव निरिक्षक | ५३ वर्ष |
| ग. प्रहरी सहायक निरिक्षक | ५१ वर्ष |
| घ. प्रहरी हवल्दार जवान/सहयोगी | ५० वर्ष |

(२) उमेरको हद, पदको अवधि सेवाको अवधि मध्ये कुनै एक पुगेपछि प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउनेछ ।

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागु हुने छैन । तर तल्लो पदमा नोकरीको अवधि लागु हुने भए मुकायम मुकरर गरेको पदमा पदोन्नती हुन नसके तल्लो पदको अवधिनै लागु हुनेछ ।

७४. उपदान: पाँच वर्ष वा सो भन्दा बढि नोकरी गरेको तर राजीनामा स्वीकृत गराई सेवाबाट हटेमा वा भविश्यमा स्थानीय निकायको सेवामा अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहाय बमोजिमको उपदान पाउनेछ ।

(क) ५ वर्षदेखि १० वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिर आधा महिनाको तलब ।

(ख) १० वर्ष भन्दा बढि १५ वर्ष सम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिर १ महिनाको तलब ।

(ग) १५ वर्षदेखि २० वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिर दुई महिनाको तलब ।

(घ) २० वर्षदेखि २५ वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखिर अढाइ महिनाको तलब ।

७५. अशक्त बृत्तिः (१) कुनै प्रहरी कर्मचारी आफ्नो पदको कर्तव्य पालना गर्दा वा तालिमको सिलसिलामा दुर्घटनामा परी वा आघात परी अङ्गभङ्ग भएकोछ वा चोटपटक लागेकोछ उक्त कार्यले प्रहरी सेवाको लागि अशक्त भएको छ भने उक्त प्रहरी कर्मचारीले अवधि नपुगिसकेको भए अनिवार्य अवकाश हुदा प्राप्त गर्ने प्रहरी कर्मचारीको उपदान सरह उपदान पाउनेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पालिका प्रहरी कर्मचारी ड्युटिमा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडि अशक्त भएमा त्यस्तो पालिका प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिइनेछ र निजले उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी ५ वर्षसम्म खाइपाइ आएको पुरा तलब भत्ता पाउनेछ ।

(३) प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| प्रशासकीय अधिकृत | अध्यक्ष |
| प्रतिनिधिः चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल | सदस्य |
| प्रतिनिधिः पालिका प्रहरी प्रमूख | सदस्य सचिव |

(४) उपनियम (३) बमोजिम गठित समितिलाई कुनै पालिका प्रहरी कर्मचारीको मृत्यु वा आफ्नो कर्तव्य पालना गर्दा वा तालिम लिदा दुर्घटना विपद वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भनि अशक्तताको सम्बन्धमा निर्णय गर्ने समेत अधिकार हुनेछ ।

७६. असाधारण पारिवारीक उपदानः कुनै प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालना गर्दा वा तालिम लिदा तत्कालै मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुदै मृत्यु भएमा निजको नोकरीको जतिसुकै वर्ष पुगेको भएपनि त्यस्तो कर्मचारीले अनिवार्य अवकाश हुदा प्राप्त गर्ने प्रहरी कर्मचारीको उपदान सरह उपदान पाउनेछ।

७७. उपचार खर्चः प्रहरी कर्मचारीलाई आफ्नो कर्तव्यको सिलसिलामा विरामी भएमा वा दुर्घटनामा परेमा निजको औषधी उपचारको व्यवस्था निजको अवस्था हेरी गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम रकम उपलब्ध गराइनेछ।

## परिच्छेद-१२

## तलब, भत्ता र कार्यवाहक

७८. तलब भत्ताः प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि नेपाल प्रहरीले पाउने सुविधालाई आधार मानी तलब भत्ता उपलब्ध गराइनेछ।

७९. राशनः पालिका प्रहरी कर्मचारीले गाँउकार्यपालिकाको बैठकले तोकिए बमोजिमको राशन उपलब्ध गराइनेछ।

८०. कायम मुकायमः पालिका प्रहरी कर्मचारीले कायम मुकायम मुकरर गर्दा एक तह मुनिका कर्मचारीहरुमध्ये बढुवाका लागि योग्य भएका मध्येबाट सबैभन्दा बढि अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम तोक्ने छ। तर कायम मुकायम पालिका प्रशासकीय अधिकृतले तोक्ने छ।

## परिच्छेद-१३

## तालिम र पोषाक

८१. तालिमको व्यवस्था, स्थान र अवधिः प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन लिखु गाँउपालिकाले तोकिएको समयावधि र स्थानमा कार्यपलिकाको बैठकले निर्धारण गरे बमोजिम तालिमको व्यवस्था गरिनेछ।

८२. प्रारम्भिक पोषाकः सबै प्रहरी कर्मचारी भर्ना भएका अधिकृत तथा प्रहरी जवानहरुलाई यहि नियमावली अनुसार अनिवार्य पोषाक उपलब्ध गराइनेछ। पोषाकको रङ्ग र किसिम कार्यपालिकाले तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१४

## विविध

८३. विभागिय आदेश र निर्देशनः यस नियमावलीको परिधिभित्र रही देहायका विषयमा प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय,

(ख) मातहतको प्रहरी कर्मचारी तथा कार्यालयलाई नियन्त्रण गर्ने विषय,

(ग) मातहत कार्यालय वा कर्मचारीको कार्यमा समन्वय ल्याउने विषय,

(घ) विभागिय अनुशासन सम्बन्धी विषय,

८४. पुरस्कार : देहायका अधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका कर्मचारीहरुले आफ्नो कर्तव्य पालन सिलसिलामा प्रशंसनिय काम गरेवापत त्यस्तो प्रहरी कर्मचारीलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफरिस गर्न सक्नेछन्।

८५. दशैं खर्च पाउनेः प्रहरी कर्मचारीले खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडवर्व खर्च वापत पाउनेछन्।

८६. अन्य सुविधा तथा व्यवस्थाः गाँउ कार्यपालिकाले आवश्यक ठानेमा प्रहरी कर्मचारीलाई अन्य सुविधा तथा व्यवस्थाका सम्बन्धमा कार्यपालिकाले निर्णय गरी लागु गर्न सक्नेछ।

८७. वाधा अड्काउ फुकाउनेः यस नियमावली कार्यान्वयनको सम्बन्धमा परेका वाधा अड्काउ फुकाउन कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

अनुसूची-१

(नियम १३ का उपनियम सँग सम्बन्धित)

श्रीमान ............................

..................................... ।

त्यस कार्यालयमा मिति ................ का प्रकाशित विज्ञापन अनुसार म .................. पदमा नोकरी गर्न अभिलाषा लिई निवेदन गर्न आएको छु ।

नाम, थर ......................................                    जन्म मिति: ..................................

जन्म स्थानः .............................

शैक्षिक योग्यताः १. ........................................        २. ........................................

३. ........................................

राजनीतिक दलका सदस्य रहे/नरहेको

पेशाः                    बाजेको नामः

बाबुका नामः                    नागरिकता नं. :

माथि लेखिएको विवरण ठिक साँचो छ । जानीजानी झुठा कुरा लेखि दिएको ठहरे नियम बमोजिम सहुँला बुझाउला ।

| औँठाको छाप | |
|---|---|
| | |
| दाँया | वाँया |

..............................

निवेदकको सहि

मितिः

द्रष्टव्यः (१) माथि लेखिएका देखि बाहेक अन्य कुरा खुलाउन परेमा छुट्टै पानामा लेखि आवेदन साथ राख्नुहोला ।
पासपोर्ट साईजको हालसाल खिचिएको २ प्रति फोटो यसैसाथ समावेश गर्नु होला ।
विभागिय उम्मेद्वारहरुका प्रयोजका लागि मात्रः १ हालको दर्जाः
२. दरबन्दी

(२) दरखास्त विज्ञपनमा उल्लेख भएका अतिरिक्त देहायका कागजातहरु समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१. नेपाली नागरिकताको प्रतिलिपी

२. विज्ञापन भएका पदका लागि तोकिएका न्युनतम शैक्षिक योग्ताका प्रमाण पत्र र चारित्रिक प्रमाणपत्रका प्रतिलिपी ।

**अनुसूची-२**

**नियम १३ को उपनिय (१) सँग सम्बन्धित**

लिखु गाउँपालिकाको पालिका प्रहरी ...................... पदका खुल्ला प्रतियोगितात्मक परीक्षाका लागि

क. विज्ञापन मितिः

ख. विज्ञापन नं.

ग. दर्ता नं.

घ. नाम, थर

ङ. उमेर

च. श्रेणी, तह

छ. उमेद्वारको दस्तखत नमुना

<u>भर्ना छनौट शाखाका सम्बन्धित कर्मचारीले भर्ने ।</u>

यस कार्यालयबाट लिने उक्त पदका परीक्षामा तपाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुन सक्छ ।

परीक्षा केन्द्र :

नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाए पाए/नपाएको ।

मैले यस भन्दा अगाडि पालिका प्रहरी सेवामा जागिर गरेको छ/छैन ।

भर्ना मितिः                    छाडेको मितिः                    दर्जाः

हट्नुको कारणः
ठेगानाः                स्थायीः

अस्थायी

सम्पर्क नं.                    इमेल ठेगानाः

..................

अधिकारीको दस्ताखत